आज मिति २०८१।०१।०४ गते मंगलबार दिनको २:०० बजे मिथिला नगरपालिकाको सभा हलमा नगर प्रमुख श्री महेन्द्र महतोज्यूको अध्यक्षतामा निम्न अनुसारको उपस्थितमा देहाय अनुसारको प्रस्तावहरुमा छलफल गर्न नगर कार्यपालिकाको बैठक बस्यो ।

**उपस्थिति**

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री महेन्द्र महतो | नगर प्रमुख | |
| २ | श्री सुनिता सिंह बुढाथोकी | उप-प्रमुख | |
| ३ | श्री जोगी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो कोइरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री चन्द्र वहादुर बुलन तामाङ्ग | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री रामचन्द्र महतो | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री नन्द किशोर यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री राम बहादुर स्याङ्गदन | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री बिरेन्द्र महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री अन्जु श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री मिना पजियार | कार्यपालिका सदस्य | मिना |
| १६ | श्री नगिना खातुन | कार्यपालिका सदस्य | नगिना |
| १७ | श्री कौशिल्या देवी | कार्यपालिका सदस्य | कौसिल्या |
| १८ | श्री इन्द्र कला कुमारी | कार्यपालिका सदस्य | |
| १९ | श्री महेन्द्र राउत | कार्यपालिका सदस्य | महेन्द्र |
| २० | श्री विशेश्वर साह हलुवाई | कार्यपालिका सदस्य | |
| २१ | श्री सर्मिला सुनवार | कार्यपालिका सदस्य | |
| २२ | श्री अशोक कुमार भण्डारी | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

प्रमाणित गर्नु

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

**मिति २०८१।०१।०४**

**बैठकका प्रस्तावहरु:**

१.डिपबोरिङ्ग बजेटको खर्च सम्बन्धमा ।

२. सुन्दरपुर विद्यालयलाई तलब भत्ता भुक्तानी सम्बन्धमा ।

३. सिचाई बोर्डिङ्गहरुलाई व्यवस्थित गर्ने सम्बन्धमा ।

४.नगर शिक्षा समितिको मिति २०८०/१२/३० गत्तेको बैठकको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।

५.बजेट तथा कार्यक्रमको संशोधन तथा थप गर्ने सम्बन्धमा ।

६.आ.व.२०७९/०८० मा कायम भएको नगर स्तरीय योजना वालेश्वरको घर देखी पश्चिम तर्फ जाने सडक ढलान मिथिला न.पा.-५ र वडा स्तरीय वालेश्वरको घर देखी पश्चिम तर्फ जाने सडक ढलान मिथिला न.पा.-५ मा प्रदेश सरकारबाट योजना परी उक्त योजना सञ्चालन हुन नसक्दा वडा बासिको विशेष अनुरोधमा वर्षाको समयमा हिडडुल गर्न कठिनाई परेकोले उक्त योजना महेद्र राजमार्ग देखी बनटोल सम्मको सडक ढलान र वडा स्तरीय हलुवाई टोलमा बाटो ढलान गरिएको सम्झौतालाई अनुमोदन गर्ने सम्बन्धमा ।

७.मिथिला नगरपालिकाको ऐन, कानुन, नियम, कार्यविधि, कार्ययोजना, नीति निर्माण गर्ने सम्बन्धमा ।

८.संघीय सरकारसंग कार्यक्रम माग गर्ने सम्बन्धमा ।

## बैठकका निर्णयहरु:

निर्णय नं.१) प्रस्ताव नं.१ माथि छलफल गर्दा मिथिला नगरपालिकाको १२औं नगर सभाबाट आ.व.२०८०/०८१ को लागि स्वीकृत बजेट तथा कार्यक्रमहरु मध्ये डिपबोरिङ्ग शिर्षकको योजनाहरु अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशन बमोजिम ठेक्काबाट सञ्चालन गर्दा आर्थिक रुपमा भार पर्ने भएकोले त्यस्ता योजनाहरु उपभोक्ता समिति संस्थाबाट सञ्चालन गर्नेर सो आयोजनाहरुको हस्तान्तरण वडा कार्यालयको वडा समितिमा गर्ने निर्णय गरियो।

निर्णय नं.२) प्रस्ताव नं.२ माथि छलफल गर्दा मिथिला न.पा.वडा नं.९ मा रहेको सुन्दरपुर शिशु वाल विकास केन्द्रले तलव भत्ता माग भएकोमा सो रकम नगर शिक्षा कोषबाट रु.३६०००।- (अक्षेरुपी छत्तिस हजार मात्र)उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.३) प्रस्ताव नं.३ माथि छलफल गर्दा सिचाई बोर्डिङ्गहरु व्यवस्थित रुपले सञ्चालन गर्नकार्यविधि निर्माण गर्न आर्थिक विकास समितिलाई जिम्मेवारी दिई कार्यविधि निर्माण पश्चात नगर कार्यपालिकाबाट अनुमोदन गराई संचालनमा ल्याउने निर्णय गरियो।

निर्णय नं.४) प्रस्ताव नं.४ माथि छलफल गर्दा नगर शिक्षा समितिको मिति २०८०/१२/३० गतेको बैठकको निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.५) प्रस्ताव नं.५ माथि छलफल गर्दा मिथिला नगरपालिकाको १२औं नगर सभाबाट आ.व.२०८०/०८१ को लागि स्वीकृत बजेट तथा कार्यक्रमहरु नगरपालिका तथा वडा कार्यालयहरुबाट संशोधन तथा थप घटका लागि पेश भएका आयोजनाहरु नगर कार्यपालिकामा पेश भएका बजेट तथा कार्यक्रमहरु १३औं नगर सभाबाट अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.६) प्रस्ताव नं.६ माथि छलफल गर्दा आ.व.२०७९/०८० मा कायम भएको नगर स्तरीय योजना वालेश्वरको घर देखी पश्चिम तर्फ जाने सडक ढलान मिथिला न.पा.-५ र वडा स्तरीय वालेश्वरको घर देखी पश्चिम तर्फ जाने सडक ढलान मिथिला न.पा.-५ मा प्रदेश सरकारबाट योजना परी उक्त योजना सञ्चालन हुन नसक्दा वडा बासिको विशेष अनुरोधमा वर्षाको समयमा हिडडुल गर्न कठिनाई परेकोले उक्त योजना महेन्द्र राजमार्ग देखी ब्रनटोल सम्मको सडक ढलान रु.१००००००/००(अक्षरुपी दश लाख मात्र) र वडा स्तरीय हलुवाई टोलमा बाटो ढलारु.५०००००/००(अक्षरुपी पाँच लाख मात्र) गरिएको सम्झौतालाई अनुमोदन गरि उक्त आयोजनाहरुलाई स्वीकृत गर्न १३औं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.७) प्रस्ताव नं.७ माथि छलफल गर्दा मिथिला नगरपालिकाको ऐन, कानुन, नियम, कार्यविधि, कार्ययोजना, नीति निर्माण गर्नतपसिल अनुसारका ऐन, कानुन, नियम, कार्यविधि, कार्ययोजना, नीति, कार्यविधि १३औंनगर सभामा पेश गर्ने निर्णय गरियो ।

## तपसिल

१."घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि, २०७७ मा केही संशोधन ।

२.मिथिला नगरपालिकाको करारमा प्रविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७७ मा केही संशोधन ।

३.टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०८१

४.मिथिलानगरपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न वनेको विधेयक, २०८१

५. मिथिला नगरपालिका सार्वजानिक निजि साझोदारी ऐन,२०८१

६. मिथिला नगरपालिका सार्वजानिक निजि साझोदारी नियमावली,२०८१

७. बालविवाह अन्त्यका लागि रणनीतिक योजना २०८०/०८१-२०८५/०८६

८. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (लैसअसास) नीतिं, २०८१

९. न्यायिक समिति संचलान ऐन,२०८१

१०.सामुदायिक विद्यालयमा प्रधानध्यापक नियुक्ती तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

११. नगर कार्यपालिका (कार्य सम्पादन) कार्यविधि, २०८१

१२. नगर प्रमुख राहत तथा जिविकोपार्जन कोष स्थापना तथा संचालन कार्यविधि, २०८१

१३. संस्थागत तथा शैक्षिक गुठी सम्बन्धी विद्यायलको व्यवस्थापन, संचालन तथा शुल्क निर्धारण सम्बन्धी कार्यविधि, २०८१

१४. आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१

निर्णय नं.८) प्रस्ताव नं.८ माथि छलफल गर्दा मिथिला न.पा.को लागि नेपाल सरकार (संघीय सरकार)संग सशर्त अनुदानमा सञ्चालन हुने गरि तेलहन बाली प्रवर्द्धन कार्यक्रम रु.१०,००,०००।- (अक्षरुपी दश लाख मात्र) तथा साना सिचाई कार्यक्रम रु.५०,००,०००।-(अक्षरुपी पचास लाख मात्र) बजेट माग गर्ने निर्णय गरियो ।